# उच्च शिक्षामा विपन्न लक्षित छात्रवृत्ति व्यवस्थापन निर्देशिका, २०७६ (दोस्रो संशोधन २०७७ समेत)

प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

लुम्बिनी प्रदेश, बुटवल, नेपाल

प्रदेश सरकार
लुम्बिनी प्रदेश
शिक्षा तथा सामाजिक विकास मन्त्रालय
मुकाम बुटवल, नेपाल

# उच्च शिक्षामा विपन्न लक्षित छात्रवृत्ति व्यवस्थापन निर्देशिका, २०७६

(माननीय मन्त्रीस्तरको मिति २०७७/१२/२३ को निर्णयानुसार स्वीकृत

**प्रस्तावना:**

प्रदेश सरकारले सबैका लागि शिक्षा कार्यान्वयन गर्न तथा राज्यले अन्तराष्ट्रिय तहमा गरेको प्रतिवद्धता पूरा गर्न, उच्च शिक्षा बाहिर रहेका छात्र छात्राहरूको क्याम्पसमा पहुँच बढाउन, भर्ना भएका सबै छात्र छात्राहरूलाई क्याम्पसमा टिकाइराख्न, गुणस्तरीय शिक्षाको सुनिश्चितता गरी उच्च शिक्षा उमेरका लक्षित समूहका छात्र छात्राहरूलाई छात्रवृत्ति उपलब्ध गराउने व्यवस्था बमोजिम उच्च शिक्षामा अध्ययनरत छात्र छात्राहरूलाई प्रदान गरिने सबै प्रकारका छात्रवृत्ति एकिकृत रूपमा लक्षित वर्गसम्म व्यवस्थित एवम् पारदर्शी तरिकाबाट कार्यान्वयन गर्नका लागि प्रदेश प्रशासकीय कार्यविधि (नियमित गर्ने) सम्बन्धमा व्यवस्था गर्न बनेको ऐनको दफा २ बमोजिम सामाजिक विकास मन्त्रालय, लुम्बिनी प्रदेशले[1] देहायको निर्देशिका बनाई जारी गरेको छ।

## परिच्छेद - १
## संक्षिप्त नाम र प्रारम्भ

१. <u>संक्षिप्त नाम र प्रारम्भ:</u> (१) यो निर्देशिकाको नाम "उच्च शिक्षामा विपन्न लक्षित छात्रवृत्ति व्यवस्थापन निर्देशिका, २०७६" रहेको छ।

(२) यो निर्देशिका स्वीकृत भएको मितिदेखि लागु हुनेछ।

(३) यो निर्देशिका नेपाल सरकारबाट अनुमति वा स्वीकृत प्राप्त सबै सामुदायिक क्याम्पसमा र सान्दर्भिक प्रावधानहरू निजी क्याम्पसहरूबाट प्रदान गरिने छात्रवृत्तिको व्यवस्थापनको हकमा समेत लागु हुनेछ।

२. <u>परिभाषा:</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा

(क) "मन्त्रालय" भन्नाले सामाजिक विकास मन्त्रालय, लुम्बिनी प्रदेश[2] सम्झनु पर्दछ।

(ख) "निर्देशनालय" भन्नाले शिक्षा तथा सामाजिक विकास निर्देशनालय सम्झनु पर्दछ।[♠]

(ग) "निर्देशिका" भन्नाले उच्च शिक्षामा विपन्न लक्षित छात्रवृत्ति व्यवस्थापन निर्देशिका, २०७६ सम्झनु पर्दछ।

(घ) "क्याम्पस" भन्नाले विश्व विद्यालय अनुदान आयोग अन्तर्गत बनेका ऐन तथा नियमावली अनुसार स्थापना तथा सञ्चालन भएका सबै प्रकारका सामुदायिक तथा आङ्गिक क्याम्पसहरू सम्झनु पर्दछ।

(ङ) "छात्रवृत्ति" भन्नाले सामाजिक विकास मन्त्रालय, शिक्षा तथा सामाजिक विकास निर्देशनालय वा अन्य कुनै सरकारी निकाय तथा राष्ट्रिय अन्तरराष्ट्रिय निकाय र सघंसंस्था वा व्यक्तिबाट क्याम्पसमा अध्ययनरत विद्यार्थीका लागि तोकिएको आधार र प्रक्रिया बमोजिम प्रदान गरिने नगद रकम, पोशाक, स्टेशनरी शैक्षिक सामग्री, प्रोत्साहन सहयोग लगायतका अन्य सुविधालाई समेत सम्झनु पर्दछ।

(च) "स्नातक तह" भन्नाले विद्यालयको कक्षा १२ उत्तीर्ण गरिसकेपछि प्रदान गरिने ४ वर्षको शैक्षिक

---

[1] दोस्रो संशोधनद्वारा संशोधित

[2] दोस्रो संशोधनद्वारा संशोधित

♠ पहिलो संशोधनद्धारा तथा सामाजिक थप गरिएको।

सुदर्शन बराल
सामाजिक विकास मन्त्री

प्रदेश सरकार
लुम्बिनी प्रदेश
शिक्षा तथा सामाजिक विकास मन्त्रालय
मुकाम बुटवल, नेपाल

वर्षलाई सम्झनु पर्दछ।

(छ) "स्नातकोत्तर तह" भन्नाले क्याम्पसको स्नातक तह उत्तीर्ण भइसकेपछि प्रदान गरिने २ वर्षको शैक्षिक वर्षलाई सम्झनु पर्दछ।

(ज) "आवासीय छात्रवृत्ति" भन्नाले छात्रावासमा बसी अध्ययन गर्ने वा घर छोडी डेरा गरी बस्ने विद्यार्थीहरूलाई प्रदान गरिने छात्रवृत्ति सम्झनु पर्दछ।

(झ) "गैर आवासीय छात्रवृत्ति" भन्नाले छात्रावासमा नबसी वा आवासीय सुविधा उपयोग नगरी घरबाटै क्याम्पसमा अध्ययन गर्न आउने विद्यार्थीलाई प्रदान गरिने छात्रवृत्ति सम्झनु पर्दछ।

(ञ) "तोकिए वा तोकिए बमोजिम" भन्नाले शिक्षा तथा सामाजिक विकास निर्देशनालयले तोके वा तोकिए बमोजिम भन्ने सम्झनु पर्दछ।

(ट) "डिभिजन कार्यालय" भन्नाले मन्त्रालय मातहतका डिभिजन कार्यालय सम्झनु पर्दछ।*

## परिच्छेद - २
## उद्देश्य

३. उद्देश्य: यस निर्देशिकाको उद्देश्य देहाय बमोजिम रहेका छन्।

(क) छात्रवृत्ति वितरणका लागि स्पष्ट आधारहरू तोकी छात्रवृत्ति वितरणलाई पारदर्शी बनाउने,

(ख) विभिन्न सरकारी निकाय, सघंसंस्था, व्यक्तिबाट विद्यार्थीका लागि सोझै वा क्याम्पस मार्फत उपलब्ध गराइने छात्रवृत्ति रकमलाई शैक्षिक उद्देश्य हासिल गर्ने गरी सदुपयोग गर्ने,

(ग) छात्रवृत्ति व्यवस्थापन तथा वितरणमा संलग्न हुने संस्था एवम् विभिन्न तहका पदाधिकारीहरूको भूमिका तथा जवाफदेहिता स्पष्ट गर्ने,

(घ) सबै प्रकारका छात्रवृत्ति वितरणमा हुन सक्ने दोहोरोपनाको अन्त्य गर्ने,

(ङ) छात्रवृत्ति वितरणको अभिलेख व्यवस्थापन र प्रतिवेदन सम्प्रेषणलाई प्रभावकारी र व्यवस्थित बनाउने।

## परिच्छेद - ३
## समिति सम्बन्धी व्यवस्था

४. छात्रवृत्ति व्यवस्थापन समिति: (१) क्याम्पसस्तरमा अध्ययनरत विद्यार्थीहरूका लागि प्रदान गरिने छात्रवृत्ति सम्बन्धमा प्राविधिक समितिलाई नीतिगत व्यवस्थाको लागि सुझाव प्रदान गर्न र प्रदेश छात्रवृत्ति व्यवस्थापन गर्न देहाय बमोजिमको छात्रवृत्ति व्यवस्थापन समिति रहनेछ।

| | |
|---|---|
| (क) निर्देशक, शिक्षा तथा सामाजिक विकास निर्देशनालय | अध्यक्ष |
| (ख) उपसचिव, सामाजिक विकास मन्त्रालय, उच्च शिक्षा महाशाखा | सदस्य |
| (ग) उपसचिव, शिक्षा तथा सामाजिक विकास निर्देशनालय, उच्च तथा प्राबिधिक शिक्षा शाखा | सदस्य |
| (घ) उपसचिव, शिक्षा तथा सामाजिक विकास निर्देशनालय, कार्यक्रम तथा बजेट शाखा | सदस्य |
| (ङ) शाखा अधिकृत, शिक्षा तथा सामाजिक विकास निर्देशनालय, उच्च तथा प्राबिधिक शिक्षा शाखा | सदस्य - सचिव |

* पहिलो संशोधनद्वारा थप गरिएको।

(२) समितिले बढीमा दुईजना सम्म विशेषज्ञहरू आमन्त्रण गर्न सक्नेछ।

(३) बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(४) समितिको बैठक आवश्यकतानुसार बस्नेछ।

(५) समितिमा छात्रवृत्तिको प्रकृति तथा आवश्यकता अनुसार बिशेषज्ञ प्रतिनिधि समेत आमन्त्रण गर्न सकिनेछ।

(६) समितिको काम कर्तव्य र अधिकार :

(क) वार्षिक स्वीकृत कार्यक्रम अनुसार छात्रवृत्ति व्यवस्थापन गर्न आवश्यक नीति निर्माणमा निर्देशनालयलाई सहयोग गर्ने ।

(ख) प्रदेश भित्र रहेका क्याम्पसहरूमा अध्ययनरत लक्षित विद्यार्थीहरूलाई छात्रवृत्ति उपलब्ध गराउनको लागि शिक्षा बिकास निर्देशनालय मार्फत कम्तिमा ३० दिनको सूचना प्रकाशन गर्न लगाउने ।

(ग) क्याम्पसमा अध्ययनरत विपन्न विद्यार्थीहरू मध्ये तोकिएका आधारहरू बमोजिम छात्रवृत्ति प्राप्त गर्न सम्बन्धित क्याम्पस मार्फत विद्यार्थीहरूको नामावली संकलन गर्ने।

(घ) क्याम्पसमा अध्ययनरत विद्यार्थीहरूलाई छात्रवृत्ति वितरण गर्नको लागि समयानुकुल मापदण्ड तयार गर्ने ।

(ङ) छात्रवृत्ति वितरण रकम समयमै उपलब्ध गराउने ।

(च) छात्रवृत्ति वितरणलाई व्यवस्थित र पारदर्शी बनाउनको लागि क्याम्पस छात्रवृत्ति व्यवस्थापन समितिलाई आवश्यक परामर्श दिन सक्नेछ ।

५. <u>क्याम्पस छात्रवृत्ति व्यवस्थापन समितिः</u> (१) विभिन्न स्रोतबाट क्याम्पसमा प्राप्त छात्रवृत्ति व्यवस्थापन सम्बन्धी कार्य गर्न देहाय बमोजिमको क्याम्पस छात्रवृत्ति व्यवस्थापन समिति रहनेछ ।

| | |
|---|---|
| (क) क्याम्पसको व्यवस्थापन समितिको अध्यक्ष | अध्यक्ष |
| (ख) क्याम्पसमा अध्ययनरत विद्यार्थीको अभिभावकलाई प्राथमिकतामा राखी दलित र जनजाति, अपांगता, पिछडावर्ग तथा महिला समेतको प्रतिनिधित्व हुनेगरी २ जना | सदस्य |
| (ग) शिक्षक प्राध्यापक प्रतिनिधि | सदस्य |
| (घ) स्थानीय सरकारको प्रतिनिधि | सदस्य |
| (ङ) स्ववियू / विद्यार्थी प्रतिनिधि | सदस्य |
| (च) क्याम्पसको क्याम्पस प्रमुख | सदस्य सचिव |

(२) समितिले आवश्यकतानुसार अन्य व्यक्तिहरूलाई पनि आमन्त्रण गर्न सक्नेछ।

(३) समितिको काम, कर्तव्य र अधिकारः

(क) विद्यार्थीहरूलाई छात्रवृत्ति उपलब्ध गराउँदै आएका र गराउन इच्छुक आफ्नो क्याम्पसको सेवा क्षेत्रमा कार्यरत संघसंस्था तथा दातासँग समन्वय गर्ने र अभिलेख राख्ने व्यवस्था गर्ने।

(ख) आफ्नो क्याम्पसमा अध्ययनरत विपन्न विद्यार्थीहरू मध्ये तोकिएका आधारहरू बमोजिम छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरूबाट आवेदन माग गर्ने, प्राप्त आवेदन उपर छानबिन गरी योग्य विद्यार्थीहरूको नाम नामेसी विवरण सङ्कलन, रूजु एवम् प्रमाणीकरण गरी प्रत्येक किसिमको छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरूको अन्तिम नामावली तयार गर्ने।

(ख१) खण्ड (ख) बमोजिम प्रमाणित नामावली सम्बन्धित डिभिजन कार्यालयमा पठाउने। ♠

(ग) डिभिजन कार्यालयबाट समयमै निकासा लिने र छात्रवृत्ति वितरणका लागि तोकिएका आधारहरू बमोजिम छात्रवृत्ति प्राप्त गर्ने यसो गर्दा बैंक खाता मार्फत प्राप्त गरेकाहरूको हकमा पनि विद्यार्थीहरूको अन्तिम नामावली तयार गरी सूचना पाटीमा टाँस गर्ने र सोको एक प्रति मन्त्रालय र निर्देशनालयमा पठाउने।

(घ) छात्रवृत्ति वितरण गर्ने दिनमा अभिभावक भेला गराई सम्बन्धित विद्यार्थीहरूलाई छात्रवृत्ति वितरणको व्यवस्था मिलाउने।

(ङ) आफ्नो क्याम्पसमा आवासीय छात्रवृत्ति प्राप्त गरेका विद्यार्थीको आवास व्यवस्थापन गरिएको अवस्थामा छात्रावासको नियमित अनुगमन गर्ने, गराउने तथा छात्रावास व्यवस्थापन अन्तर्गत स्रोत व्यवस्थापनका लागि सहयोगी संस्था तथा सरोकारवालाहरूसँग समन्वय गर्ने।

(च) छात्रवृत्ति वितरणको अभिलेख तत्काल सूचना दिन सक्ने गरी क्याम्पसमा व्यवस्थित रूपमा राखेर छात्रवृत्ति वितरण गरेको १५ दिनभित्र प्रतिवेदन मन्त्रालय, निर्देशनालय र डिभिजन कार्यालयमा अनिवार्य रूपमा पठाउने।

(छ) महिला, दलित, मुस्लिम र जनजातीहरूको हकमा आर्थिक विपन्नता हेरी न्यूनतम रु ५००० हुनेगरी उच्च शिक्षा क्याम्पस छात्रवृत्ति व्यवस्थापन समितिले निर्णय गरी दिन सक्नेछ।

(ज) छात्रवृत्ति वितरण गर्न आवश्यक प्रमाणपत्र निवेदन साथ माग गर्ने र वितरण पछि शिक्षा तथा सामाजिक विकास निर्देशनालयबाट प्रदान गरिएको छात्रवृत्ति पाउनेको भर्पाई डिभिजन कार्यालयमा पेश गर्ने।

## परिच्छेद - ४
## छात्रवृत्ति सम्बन्धी व्यवस्था

६. <u>छात्रवृत्तिका प्रकार:</u> (१) उच्च शिक्षामा अध्ययनरत लक्षित विद्यार्थीहरूलाई देहाय प्रकारका छात्रवृत्ति हुनेछन्।

(क) दलित विद्यार्थी छात्रवृत्ति,
(ख) जनजाति विद्यार्थी छात्रवृत्ति,
(ग) महिला विद्यार्थी छात्रवृत्ति,
(घ) मुस्लिम विद्यार्थी छात्रवृत्ति,
(ङ) द्वन्द्व पीडित विद्यार्थी छात्रवृत्ति,
(च) अपाङ्ग विद्यार्थी छात्रवृत्ति,
(छ) सहिदका छोराछोरी छात्रवृत्ति,
(ज) सिमान्तकृत विद्यार्थी छात्रवृत्ति,
(झ) अल्पसङ्ख्यकविद्यार्थी छात्रवृत्ति,
(ञ) .........[३] स्नातक तहमा विज्ञान संकायमा अध्ययनरत छात्राहरु। ♠

---

♠ पहिलो संशोधनद्वारा थप गरिएको।
[३] दोस्रो संशोधनद्वारा झिकिएको

(२) क. सामुदायिक क्याम्पसमा अध्ययनरत उपदफा १ को खण्ड क देखि घ सम्मका स्नातक तहमा अध्ययनरत विद्यार्थीहरुलाई मासिक रु.५००/- मा नघट्नेगरी १० महिनाको र स्नातकोत्तर तहका विद्यार्थीहरुलाई मासिक रु. १०००/- मा नघट्नेगरी १० महिनाको छात्रवृत्ति उपलब्ध गराइनेछ।[४]

ख. सामुदायिक क्याम्पसमा अध्ययनरत उपदफा १ को खण्ड ङ देखि झ सम्मका स्नातक तहका विद्यार्थीहरुलाई मासिक रु. १०००/- का दरले १० महिनाको र स्नातकोत्तर तहका विद्यार्थीहरुलाई मासिक रु. १५००/- का दरले १० महिनाको छात्रवृत्ति उपलब्ध गराइनेछ।[५]

माथि जुनसुकै कुरा लेखिएको भएतापनि आंगिक क्याम्पसमा अध्ययनरत विद्यार्थीहरुलाई अपाङ्ग छात्रवृत्ति उपलब्ध गराउन बाधा पुग्ने छैन।[६]

ग. सामुदायिक तथा आंगिक क्याम्पसमा विज्ञान संकायमा उपदफा १ को खण्ड ञ बमोजिम अध्ययनरत सबै छात्राहरुलाई मासिक रु. २५०० का दरले १० महिनाको छात्रवृत्ति उपलब्ध गराइनेछ।[७]

(३) संघीय सरकारबाट सशर्त अनुदानको रुपमा प्राप्त उच्च शिक्षामा अध्ययन गर्ने अपाङ्ग विद्यार्थीका लागि छात्रवृत्ति संघीय सरकारबाट कार्यविधि निर्माण भएमा सोहीबमोजिम र संघीय कार्यविधि निर्माण नहुँदासम्म यसै निर्देशिका बमोजिम वितरण गरिनेछ।[♠]

७. <u>छात्रवृत्ति प्राप्त गर्ने आधारहरू:</u>

(क) मुस्लिम छात्रवृत्तिको लागि नेपाल सरकारबाट मुस्लिम जातजाति भित्र सूचिकृत भएको जात हुनुपर्नेछ।

(ख) दलित छात्रवृत्तिको लागि राष्ट्रिय दलित आयोगमा सूचिकृत जात हुनुपर्नेछ।

(ग) यस निर्देशिकामा अन्यत्र जुनसुकै कुरा उल्लेख भएतापनि अपाङ्ग छात्रवृत्तिको हकमा क ख ग र घ श्रेणीको परिचय पत्रका आधारमा क्रमश वार्षिक रू ४०००० (चालिस हजार) रू ५००० (पाँच हजार) रू ३००० (तीन हजार) र रू १००० (एक हजार) उपलब्ध गराइनेछ। तर क बाहेकको श्रेणीको अपाङ्गता भएका र आवासीय सुबिधा नभएका क्याम्पसहरुमा अध्ययन गर्ने, डेरा गरी बस्नु पर्ने दृष्टिबिहिन अपाङ्गहरुका लागि वार्षिक रू ४००००।०० (चालीस हजार) उपलब्ध गराइनेछ। अन्यको हकमा वार्षिक रू १०००० (दश हजार) उपलब्ध गराइनेछ।

(घ) जनजाति छात्रवृत्तिको लागि जनजातिको सुचिमा सूचिकृत जातजाति हुनुपर्नेछ ।

(ङ) द्वन्द्वपीडित छात्रवृत्ति द्वन्द्वको अवधिमा द्वन्द्वका कारणबाट मृत्यु भएका तथा द्वन्द्वको क्रममा शान्ति तथा पुनर्निर्माण मन्त्रालयद्वारा निर्धारण गरिएको पचास प्रतिशत भन्दा बढी अपाङ्ग, अङ्गभङ्गभएका, घाइते वा बेपत्ता भएका व्यक्तिहरूका उच्च शिक्षा तहमा अध्ययनरत ३० वर्ष ननाघेका सन्ततिहरू हुनुपर्नेछ। यसको लागि सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट द्वन्द्व प्रभावित भएको प्रमाण पेश गर्नु पर्नेछ ।

(च) सहिदका छोराछोरीको छात्रवृत्तिको लागि नेपाल सरकार गृह मन्त्रालयद्वारा सहिद घोषणा गरिएका

---

♠ पहिलो संशोधनद्वारा थप गरिएको।

४ दोस्रो संशोधनद्वारा संशोधित

५ दोस्रो संशोधनद्वारा संशोधित

६ दोस्रो संशोधनद्वारा संशोधित

७ दोस्रो संशोधनद्वारा थप

♠ पहिलो संशोधनद्वारा थप गरिएको।

सामाजिक विकास मन्त्री

प्रदेश सरकार
लुम्बिनी प्रदेश
शिक्षा तथा सामाजिक विकास मन्त्रालय
मुकाम बुटवल, नेपाल

व्यक्तिका उच्च शिक्षा तहमा अध्ययनरत ३० वर्ष ननाघेका सन्ततिहरू हुनुपर्नेछ।

(छ) अल्पसंख्यक र सीमान्तकृत छात्रवृत्तिको लागि नेपाल सरकारको अल्पसंख्यक र सीमान्तकृत जातिको सूचीमा सूचिकृत भएका तथा प्रदेश सरकारले तोकेका जातजातिका ३० वर्ष ननाघेका सन्तान हुनुपर्नेछ।

(ज) सम्बन्धित विश्वविद्यालयले लिएको प्रवेश परीक्षा उत्तीर्ण गरी नियमानुसार भर्ना भइ सामुदायिक क्याम्पसहरुमा विज्ञान संकायमा स्नातक तहमा नियमित विद्यार्थीको रुपमा अध्ययनरत छात्र हुनुपर्नेछ।*

(झ) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएतापनि छात्रवृत्तिका लागि पर्याप्त बजेट नभई निर्देशनालयले थप रकम निकासाका लागि माग गरेपनि प्रदेश सरकारले थप रकम निकासा गर्न सम्भव नभएमा समन्यायिक आधारमा दामासाहीबाट छात्रवृत्ति उपलव्ध गराइनेछ।*

## परिच्छेद - ५
## अनुगमन सम्बन्धी व्यवस्था

८. <u>अनुगमन सम्बन्धी व्यवस्था:</u> मन्त्रालय, निर्देशनालय र डिभिजन कार्यालयले दफा ४ र ५ को अतिरिक्त देहायका विषयमा अनुगमन गर्न सक्नेछ।*

(क) निर्धारित समयावधि भित्रै छात्रवृत्ति रकम निकासा क्याम्पस तहमा पुगे नपुगेको ।

(ख) तोकिए बमोजिमका जिम्मेवारीहरू क्याम्पस तथा प्रदेश स्तरीय संयन्त्रबाट सम्पादन भए नभएको,

(ग) उच्च शिक्षा तह सम्म विभिन्न किसिमका छात्रवृत्ति वितरणका आधार एवम् प्रक्रियाका सम्बन्धमा स्पष्टता भए नभएको तथा छात्रवृत्तिका लागि विद्यार्थी छनौट प्रक्रिया निष्पक्ष र पारदर्शी भए नभएको,

(घ) छात्रवृत्ति पाएका विद्यार्थीको शैक्षिक उपलब्धिमा आएको परिवर्तन सम्बन्धमा उच्च शिक्षा तहमा व्यवस्थित अभिलेख राखे नराखेको।

## परिच्छेद - ६
## विविध

९. <u>छात्रवृत्तिको रकम अन्य शीर्षकमा खर्च गर्न नहुने:</u> विद्यार्थीहरूलाई छात्रवृत्ति वितरण गर्ने प्रयोजनका लागि विभिन्न स्रोतबाट प्राप्त अनुदान अन्य कुनै प्रयोजनका लागि खर्च गर्न पाइने छैन। छात्रवृत्तिको रकम अन्य जुनसुकै प्रयोजनका लागि खर्च गरेमा रकमको दुरूपयोग गरेको मानिनेछ। त्यसरी रकम दुरूपयोग गरेमा शिक्षा तथा सामाजिक विकास निर्देशनालयले उक्त रकम असूल गर्न लगाई पुनः छात्रवृत्ति वितरण गर्ने व्यवस्था मिलाउनुपर्नेछ। छात्रवृत्ति रकम दुरूपयोग गर्ने जिम्मेवार पदाधिकारीहरूलाई कानुन वमोजिम तोकिएको अधिकारीले[८] प्रचलित ऐन तथा नियमावली बमोजिम हदै सम्मको विभागीय कारर्वाही गरी सोको जानकारी शिक्षा तथा सामाजिक विकास निर्देशनालयलाई गराउनु पर्नेछ।

---

* पहिलो संशोधनद्वारा थप गरिएको।
* पहिलो संशोधनद्वारा थप गरिएको।
* मन्त्रालय र निर्देशनालयको सट्टा मन्त्रालय, निर्देशनालय र डिभिजन कार्यालय बनाइएको।
[८] दोस्रो संशोधनद्वारा थप

प्रदेश सरकार
लुम्बिनी प्रदेश
शिक्षा तथा सामाजिक विकास मन्त्रालय

१०. **<u>छात्रवृत्तिको रकम तोकिए बमोजिम हुने:</u>** सामुदायिक, क्याम्पसमा अध्ययनरत विद्यार्थीहरूको लागि तोकिएको शीर्षकको छात्रवृत्तिको रकम शिक्षा तथा सामाजिक विकास निर्देशनालयले तोके बमोजिम हुनेछ।

११. **<u>दोहोरो पर्ने गरी वितरण गर्न नहुने:</u>** छात्रवृत्ति दोहोरो पर्ने गरी वितरण गर्न पाइने छैन। दोहोरो पर्ने गरी वितरण गरेको पाइएमा सम्बन्धित क्याम्पस प्रमुखबाट उक्त रकम असुल उपर गरिनेछ। तर विशेष किसिमको सहयोग आवश्यक पर्ने बालबालिका जस्तै अपाङ्ग बालबालिका, छात्राबासमा बसी अध्ययन गर्नुपर्ने अवस्थाका बालबालिका, हिँड्न वा लेखपढ गर्न विशेष उपकरण आवश्यक पर्ने बालबालिकाका हकमा कुनै संघसंस्थाले सो प्रयोजनका लागि थप सहायता प्रदान गर्न यस बुँदाले बाधा पार्ने छैन।

१२. **<u>छात्रवृत्ति पाउन योग्य उमेर:</u>** प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयबाट प्रदान गरिने छात्रवृत्तिको लागि उमेरको हद ३० बर्ष सम्म छात्रवृत्ति पाउनको लागि योग्य मानिनेछन्।

१३. **<u>क्याम्पस प्रमुख जवाफदेही हुने:</u>** शिक्षा तथा सामाजिक विकास निर्देशनालयले निर्धारण गरेको समयावधि भित्र क्याम्पसले तोकिएको विवरण सहित निर्धारित ढाँचामा छात्रवृत्ति माग नगरेका कारण निकासा नभएमा, छात्रावृत्ति वितरण नियमानुसार नगरेमा, साथै छात्रवृत्ति वितरण गरेको १५ दिन भित्र सम्बन्धित शिक्षा तथा सामाजिक विकास निर्देशनालय वा सम्बन्धित सामाजिक विकास डिभिजन कार्यालयमा प्रतिवेदन पेश नगरेमा सम्बन्धित क्याम्पस प्रमुख जवाफदेहि हुनेछ।*

१४. **<u>अभिलेख राख्नुपर्ने:</u>** छात्रवृत्तिबाट सम्बन्धित विद्यार्थीको नियमितता, सिकाइ उपलब्धि लगायतका विषयमा परेको प्रभावका सम्बन्धमा क्याम्पसले नियमित रूपमा अभिलेख राखी सम्बन्धित डिभिजन कार्यालयमा वार्षिक रूपमा प्रतिवेदन सम्प्रेषण (Reporting) गर्नुपर्नेछ। साथै आवश्यकतानुसार शिक्षा तथा सामाजिक विकास निर्देशनालयमा पेस गर्नुपर्नेछ।

१५. **<u>कार्यान्वयनमा ल्याउने:</u>** यस निर्देशिकामा उल्लेख नभएका छात्रवृत्ति सम्बन्धी विषयहरूको हकमा निर्देशिकाको भावना प्रतिकूल नहुने गरी शिक्षा तथा सामाजिक विकास निर्देशनालयले तत्काल कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याउनेछ।

१६. **<u>प्रचलित कानून बमोजिम हुने:</u>** यस निर्देशिकामा भएको विषय यसै बमोजिम र अन्य विषय प्रचलित कानून बमोजिम हुनेछ।

१७. **<u>निर्देशिकाको संशोधन:</u>** सामाजिक विकास मन्त्रालयले यस निर्देशिकामा आवश्यकतानुसार थपघट तथा संशोधन गर्न सक्नेछ।

सुदर्शन बराल
सामाजिक विकास मन्त्री

---

* पहिलो संशोधनद्वारा थप गरिएको।